**Sanima Bank**
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

प.सं. २०८१।८२।वि.एस.।२३ मिति : २०८१।०८।२५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई, शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ

विषय: २०औं वार्षिक साधारणसभाको निर्णय (माइन्युट) सम्बन्धमा ।

महोदय,

यस बैंकको २०८१ मंसिर ४ (नोभेम्बर १९, २०२४) गते मंगलबारका दिन आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाडौंमा सम्पन्न २०औं वार्षिक साधारणसभाको निर्णय (माइन्युट) तँहाको जानकारीको लागि यसै साथ पेश गरिएको व्यहोरा सादर अनुरोध गर्दछु ।

भवदीय

रूद्रप्रसाद बन्जरा
कम्पनी सचिव

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

P.O. Box: 20394, 'Alakapuri', Naxal, Kathmandu | Tel.: +977-1-5970033 | Fax: +977-1-4428969 | Email: sanima@sanimabank.com | www.sanimabank.com | SWIFT: SNMANPKA

**सानिमा बैंक लिमिटेड**
**नक्साल, काठमाण्डौ**

१. **सानिमा बैंक लिमिटेडको २०औं वार्षिक साधारण सभाको निर्णय :**
यस बैंकका संचालक समितिका अध्यक्ष श्री तुकप्रसाद पौडेलको अध्यक्षतामा बि.सं.२०८१ साल मंसिर ४ (नोभेम्बर १९, २०२४) मंगलबार बिहान ११:०० बजे देखि अपरान्ह ३:१५ बजेसम्म आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाडौंमा सम्पन्न भएको २०औं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेको छ ।

२. **उपस्थिति :**

क. **सभामा उपस्थित सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री तुकप्रसाद पौडेल | - अध्यक्ष |
| २. | श्रीमती गायत्री थापा | - संचालक |
| ३. | डा.केशवप्रसाद आचार्य | - संचालक |
| ४. | श्री रमेश कुमार पोखरेल | - संचालक |
| ५. | श्री आशुतोष उपाध्याय | - संचालक |
| ६. | श्री लक्ष्मीप्रपन्न निरौला | - संचालक |

ख. **अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री निश्चलराज पाण्डे | - प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री पवन कुमार आचार्य | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री बिभोर झा | - प्रमुख वित्तीय अधिकृत |
| ४. | श्री भिष्मराज चालिसे | - प्रमुख कार्यकारी अधिकृत, सानिमा क्यापिटल लिमिटेड |
| ५. | श्री रूद्रप्रसाद बन्जरा | - कम्पनी सचिव |

ग. **सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री शशि सत्याल | - पि.के.एफ. टि.आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्स, |

३. **छलफलका विषयहरु :**

क. **सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको २०औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८०/८१ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनीहरु सानिमा क्यापिटल लिमिटेड र सानिमा सेक्युरिटिज लिमिटेडको आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।



सानिमा बैंक लिमिटेड
नक्साल, काठमाडौं

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ५.२६३२% नगद लाभांस (कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही तोकिएको अन्य व्यवस्था तथा शर्तहरु सहित रू.१००।- का दरले रू.२,००,००,००,०००।- (दुई अर्ब रुपैया) बराबरको **"८.२५% सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर"** (8.25% Sanima Perpetual Non-cumulative Preference Shares) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात् जारी गर्ने ।

२. बैंकको अधिकृत पूँजी रू.१५ अर्बलाई बृद्धि गरी रू.२० अर्ब पुऱ्याउने । अग्राधिकार शेयर जारी गरे पश्चात् बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने ।

३. अग्राधिकार शेयर जारी गर्नका लागि बैंकको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्ने ।

४. संचालक समितिको बैठक भत्ता लगायतका सुविधाहरु नियमनकारी निकायको स्वीकृति पश्चात् वृद्धि गरी बैंकको नियमावलीमा संशोधन गर्ने ।

५. बैंकको प्रबन्धपत्र/नियमावलीमा अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै फेरबदल, शर्तहरु लगायतमा संशोधन फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषा लगायत अन्य सुधार समेतका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध :**

४. **सूचना प्रकाशन :**

यस बैंकको संचालक समितिको मिति:२०८१ साल कार्तिक १० गते बसेको ६२५औं बैठकको निर्णयानुसार बैंकको २०औं वार्षिक साधारणसभाको सूचना मिति: २०८१ कार्तिक १२ गते "आर्थिक अभियान" राष्ट्रिय दैनिक र कार्तिक २८ गते "नेपाल समाचार पत्र" राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरूलाई सभाबारे जानकारी गराइएको थियो । यसका साथै बैंकको वेवसाइटबाट समेत जानकारी लिन सक्ने व्यवस्था गरिएको थियो ।

५. **गणपूरक संख्या (शेयरधनीको उपस्थिति तथा प्रतिनिधित्व प्रतिशत):**

| विवरण | कूल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थित | | जम्मा उपस्थित | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कूल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | प्रोक्सी मार्फत | | | |
| संस्थापक शेयरधनी | ७९ | ६,९२,८२,२८७.२५ | २१ | १४ | ३५ | ६,५१,५१,६१६ | ४७.९७०८ |
| सर्वसाधारण शेयरधनी | ९१,२२१ | ६,६५,३२,९६६.८९ | ५४८ | १६ | ५६४ | १,२४,५३,१९९.११ | ९.१६९२ |
| जम्मा | ९१,३०० | १३,५८,१५,२५४.१४ | ५६९ | ३० | ५९९ | ७,७६,०४,८१५.११ | ५७.१४ |



सानिमा बैंक लिमिटेड
आलकापुरी, नक्साल, काठमाडौं

संस्थापक समूहतर्फ भौतिक रुपमा उपस्थित २१ जनाको ४,८२,५४,३९३ कित्ता, प्रोक्सी मार्फत १४ जनाको १,६८,९७,२२३ कित्ता तथा सर्वसाधारण समूह तर्फ भौतिक रुपमा उपस्थित ५४८ जनाको ९१,२३,४६२.११ कित्ता, प्रोक्सी मार्फत १६ जनाको ३३,२९,७३७ कित्ता ।

६. **सभाको बैधानिकता तथा सभापतित्व :**

कम्पनी ऐन, प्रचलित कानून तथा बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरक संख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनु पर्ने व्यवस्था रहेको छ । सो अनुरुप कूल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ५७.१४% शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुसार साधारण सभा बैधानिक भएको ब्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

७. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :**

मिति: २०८१।०७।१० गते बसेको संचालक समितिको ६२५औं बैठकको निर्णयानुसार प्रस्ताव गरिए अनुसार २०औं वार्षिक साधारणसभामा छलफलको लागि उल्लिखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिवले जानकारी गराउनु भयो ।

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेलले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन, वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण तथा सहायक कम्पनीहरुको एकीकृत वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो । सभाका अध्यक्षज्यूले आजको साधारणसभामा विशेष प्रस्तावका रुपमा पेश गरेको **"सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर (Sanima Perpetual Non-cumulative Preference Shares)"** जारी गर्नुको उद्देश्यका बारेमा समेत जानकारी गराउनु भयो ।

८. **सभामा सहभागी हुनु भएको शेयरधनी महानुभावहरु :**

प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु मध्ये श्री जगन्नाथ आचार्य, श्री कुबेरमान श्रेष्ठ, श्री उत्तम दत्त पाण्डे, श्री सुदिप श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री बैजुनाथ प्रसाद रौनियार, श्री उद्धवप्रसाद घिमिरे, श्री गोविन्द बहादुर के.सी., श्री इन्द्रप्रसाद लामिछाने, श्री चन्द्रनारायण महर्जन, श्री ध्रुवराज न्यौपाने, श्री भक्ति प्रसाद उप्रेती, श्री शत्रुधन श्रेष्ठ, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री ब्यास कुमार शर्मा, श्री दामोदरप्रसाद रेग्मी, श्री निरुपमा गुप्ता, श्री अमिरदास रंन्जित, श्री गुणराज भट्ट, श्री रामचन्द्र पोखरेल, श्री रोज कुमार श्रेष्ठ, श्री अंगराज भारती, श्री गोगन बहादुर पराजुली र श्री लक्ष्मण बहादुर श्रेष्ठले बैंकको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्दै बैंकले आगामी दिनमा न्युनतम दोहोरो अंकमा लाभांस (Dividend) दिन सक्षम हुनु पर्ने धारणा व्यक्त गर्नु भयो ।

९. **शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझावहरु र अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतले दिनु भएको प्रत्युत्तरको मुख्य-मुख्य अंशहरु :**

शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरुको सम्बन्धमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री निश्चलराज पाण्डेले प्रष्ट पार्नु भयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद व्यक्त गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा सुधार तथा कार्यान्वयन गर्दै लगिने व्यहोरा सभा समक्ष राख्नु भयो ।

**१०. सभाबाट भएका छलफल तथा निर्णयहरु:**

**क. सामान्य प्रस्ताव**

**१. आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको २०औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने :**

आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको २०औं वार्षिक प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८०/८१ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

बाह्य लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८०/८१ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

३. **यस बैंकको सहायक कम्पनीहरु सानिमा क्यापिटल लिमिटेड र सानिमा सेक्युरिटिज लिमिटेडको आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

यस बैंकको सहायक कम्पनीहरु श्री सानिमा क्यापिटल लिमिटेड र श्री सानिमा सेक्युरिटिज लिमिटेडको आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरणहरु छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

४. **लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

यस बैंकको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्य सम्पन्न गर्नका लागि बाह्य लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकहरु: PKF T.R. Upadhya & Co., Chartered Accountants, SAR Associates Chartered Accountants, P.&B. Associates, Chartered Accountants ले लेखापरीक्षण गर्न प्रस्ताव पेश गर्नु भएकोमा बैंकको लेखापरीक्षण समितिले तीनै जना लेखापरीक्षकको नाम सिफारिस गरेकोमा प्राप्त प्रस्तावहरु मध्ये बहालवाला लेखापरीक्षकले पेश गरेको



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

रकम सबैभन्दा कम भएको, उक्त कम्पनी अन्तराष्ट्रिय मान्यता प्राप्त लेखापरीक्षण कम्पनी रहेको र प्रचलित कानून बमोजिम समेत यस बैंकको लेखापरीक्षण गर्न योग्य रहेको आधारमा समेत लेखापरीक्षक नियुक्तिको लागि सभा समक्ष पेश गरेको हुदा PKF T.R.Upadhya & Co.Chartered Accountants काठमाण्डौंलाई चालू आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकमा नियुक्ति गरी निम्नानुसार पारिश्रमिक प्रदान गर्न सर्वसम्मतिबाट पारित गरियो ।

पारिश्रमिक :

लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) गरे बापत मूल्य अभिवृद्धि कर सहित एकमुष्ट रू.३०,००,०००।- (तीस लाख) मात्र उपलब्ध गराउने ।

**५. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ५.२६३२% नगद लाभांस (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

२०औं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघि (वि.सं.२०८१/०७/२५) गते सम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजी रू.१३,५८,१५,२५,४१४।३३ को ५.२६३२% दरले हुने रू.७१,४८,२२,८४५।६१ (एकहत्तर करोड अडचालिस लाख बाईस हजार आठ सय पैंतालिस रुपैंया एकसट्ठी पैसा) (लाभांस कर समेत) नगद लाभांस वितरण गर्न सर्वसम्मतिबाट पारित गरियो ।

**(ख) विशेष प्रस्तावहरु :**

**१. संचालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही तोकिएको अन्य व्यवस्था तथा शर्तहरु सहित रू.१००।- का दरले रू.२,००,००,००,०००।- (दुई अर्ब रुपैया) बराबरको "८.२५% सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर" (8.25% Sanima Perpetual Non-cumulative Preference Shares) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात् जारी गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको व्यवसाय विस्तारको लागि देहायका व्यवस्था तथा अन्य शर्तहरु सहित नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही तोकिएको अन्य व्यवस्था तथा शर्तहरु सहित रू.२,००,००,००,०००।- (दुई अर्ब रुपैया) बराबरको रू.१००।- अंकित दरका २,००,००,००० कित्ता **"८.२५% सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर"** (8.25% Sanima Perpetual Non-cumulative Preference Shares) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात जारी गर्न सर्वसम्मतिबाट पारित गरियो ।

| विवरण | व्यवस्था तथा शर्तहरु |
|---|---|
| उपकरणको नाम । | सानिमा ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर । |
| उपकरणको प्रकृति । | अविमोच्य असञ्चिति अग्राधिकार शेयर |
| अग्राधिकार शेयर पूँजी | रू.२,००,००,००,०००।- (दुई अर्ब) । |

| | |
|---|---|
| प्रति शेयर अकिंत मूल्य र जारी गर्ने मूल्य । | रू.१००।- (एक सय)। |
| अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने संख्या | २,००,००,००० (दुई करोड) कित्ता । |
| अवधि | अविमोच्य (Perpetual)। |
| लाभांश सञ्चिति/असञ्चिति हुने | **असञ्चितिः** यदि कुनै वर्षमा बैंकको वितरणयोग्य मुनाफा पर्याप्त नभएको कारणले अग्राधिकार शेयरको नगद लाभांश वितरण नगरेमा वा कम वितरण गरेमा र पछिल्ला आर्थिक वर्षहरुमा वितरणयोग्य मुनाफा भएमा वा आवश्यक नियामकीय पूँजी अनुपात कायम भएमा पनि अपुग रकम वितरण/भुक्तानी नहुने । |
| रिडिमेवल/इरिडिमेवल | इरिडिमेवल । |
| सुरक्षित/असुरक्षित । | असुरक्षित । |
| लभांशको दर/लाभांश भुक्तानीको प्रक्रिया । | क. ८.२५% वार्षिक नगद लाभांश (सम्बन्धित आर्थिक वर्षमा वितरणयोग्य मुनाफा उपलब्ध भएको खण्डमा मात्र)<br>ख. बुँदा (क) बमोजिमको वितरण योग्य मुनाफा भन्नाले सम्पूर्ण नाफा नोक्सान हिसाबको नियामकीय बाँडफाँड तथा पुरक पूँजीमा गणना हुने उपकरणको लागि आवश्यक कोषको बाँडफाँड पछिको बाँकी रकम हुनेछ ।<br>ग. अविमोच्य असञ्चिति अग्राधिकार शेयरको लाभांश बैंकको सञ्चित मुनाफा वा अन्य कुनै कोषबाट वितरण हुने छैन ।<br>घ. यदि बुँदा (क) बमोजिमको वितरणयोग्य मुनाफा अविमोच्य असञ्चिति अग्राधिकार शेयरको लाभांश रकम भन्दा कम भएमा उपलब्ध वितरणयोग्य मुनाफा रकम सम्म समानुपातिक रुपमा वितरण गरिनेछ ।<br>ङ. शेयरधनी दर्ता किताब बन्द हुने समय : वार्षिक साधारण सभा भन्दा अगावै साधारण शेयरधनीको जस्तै अग्राधिकार शेयरधनी दर्ता किताब बन्द हुने (शेयरधनी दर्ता किताब बन्द हुने दिन सम्म अद्यावधिक भई कायम रहेका अग्राधिकार शेयरधनी नगद लाभांशको लागि योग्य हुने) ।<br>च. भुक्तानीको समय : वार्षिक रुपमा साधारण सभाले स्वीकृत गरे पश्चात् ।<br>छ. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भएको पहिलो वर्षमा शेयर बाँडफाँड भएको मितिदेखि उक्त आर्थिक वर्षमा बाँकी रहेको अवधिको अनुपातको |



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

| | |
|---|---|
| | आधारमा नगद लाभांश वितरण हुने ।<br>ज. यदि बैंकले अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गरेको १० वर्षपछि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई कल अप्सन (बैंकले लगानिकर्ताको लगानी फिर्ता गर्न सक्ने) प्रयोग गरेमा उक्त आर्थिक वर्षको धारण गरेको दिनसम्मको समानुपातिक रुपमा लाभांश रकम सहित अग्राधिकार शेयरको भुक्तानी गरिनेछ । |
| अन्तरिम लाभांश | लागू नहुने । |
| लक्षित लगानीकर्ता | संस्थागत लगानीकर्ता जस्तै : वीमा कम्पनी, विदेशी लगानीकर्ता आदिले व्यक्तिगत तबरबाट लगानी गर्न सक्ने । |
| पुट अप्सन (लगानीकर्ताले लगानी फिर्ता माग गर्ने) वा कल अप्सन (बैंकले लगानिकर्ताको लगानी फिर्ता गर्न सक्ने) उपलब्ध छ वा छैन ? | अविमोच्य प्रकृतिको अग्राधिकार शेयर जारी गर्ने हुनाले यसमा (लगानीकर्ताले लगानी फिर्ता माग गर्ने) पुट अप्सन उपलब्ध छैन । तर बैंकले अग्राधिकार शेयर जारी गरेका मितिले १० वर्षपछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूर्व स्विकृति लिई (बैंकले लगानिकर्ताको लगानी फिर्ता गर्न सक्ने) कल अप्सन प्रयोग गर्न सक्नेछ । |
| साधारण शेयरमा परिणत हुने/नहुने | परिणत नहुने । तर तोकिएको ट्रिगर बिन्दुमा पुगेको अवस्थामा नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि संस्थापक समूहको साधारण शेयरमा परिणत हुन सक्ने । |
| यदि साधारण शेयर प्राथमिक पूँजी (CET 1 Capital), कूल जोखिम भारीत सम्पत्तिको ५.१२५ प्रतिशत भन्दा कम भएमा (ट्रिगर बिन्दुमा पुगेको अवस्था) नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि साधारण शेयरमा परिणत हुन सक्ने । | १. संस्थापक समुहको साधारण शेयरधनीमा परिणत हुने ।<br>२. परिवर्तित अनुपात : परिणत हुने समयको बैंकको संस्थापक समुहको साधारण शेयरको प्रचलित बजार मूल्य र अग्राधिकार शेयरको अकिंत मूल्यको अनुपातमा हुने । (जस्तै परिणत हुने समयमा बैंकको संस्थापक समुहको साधारण शेयरको प्रतिशेयर बजार मुल्य रू.२०० रहेछ भने परिवर्तित अनुपात १ अग्राधिकार शेयर बराबर ०.५ संस्थापक समूहको साधारण शेयर हुने) ।<br>३. यस्तो परिणत नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति पश्चात् मात्र हुने । |
| दामासाही वा खारेजी अवस्थामा भुक्तानीमा अग्राधिकार | बैंक दामासाही वा खारेजीमा गएको अवस्थामा अविमोच्य असञ्चिति अग्राधिकार शेयरको भुक्तानीमा दाबी साधारण शेयर भन्दा अगाडि र अन्य पुरक पूँजीमा गणना हुने उपकरण र साहुहरु भन्दा पछाडि हुनेछ । |
| मताधिकार | मताधिकार नहुने |
| सूचीकरण | अविमोच्य असञ्चिति अग्राधिकार शेयर सम्बन्धित नियामकीय निकायको स्वीकृति पश्चात् स्टक |



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

| | |
|---|---|
| | एक्सचेञ्जमा सूचीकृत हुनेछ । अविमोच्य असञ्चिति अग्राधिकार शेयरको कारोबार संस्थागत लगानिकर्तामा मात्र सिमित हुनेछ । |

२. **बैंकको अधिकृत पूँजी रू.१५ अर्बलाई वृद्धि गरी रू.२० अर्ब पुऱ्याउने । अग्राधिकार शेयर जारी गरे पश्चात् बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने ।**

बैंकले अग्राधिकार शेयर जारी गर्न लागेको हुँदा बैंकको हाल कायम रहेको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्नानुसार वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो ।

**दफा ५(क)** : बैंकको अधिकृत पूँजी रू.२०,००,००,००,०००।- (अक्षरेपि बीस अर्ब मात्र) हुनेछ । उक्त पूँजीलाई रू.१००।- दरका १८,००,००,००० थान साधारण शेयर र २,००,००,००० थान अग्राधिकार शेयरमा विभाजन गरिनेछ ।

**दफा ५(ख)** : बैंकको जारी पूँजी रू.१५,५८,१५,२५,४१४।३३ (अक्षरेपी पन्ध्र अर्ब अन्ठावन्न करोड पन्ध्र लाख पच्चिस हजार चार सय चौध दशमलव तेत्तिस पैसा मात्र हुनेछ । सो पूँजीलाई रू.१००।- दरका १३,५८,१५,२५४.१४ (तेह्र करोड अन्ठावन्न लाख पन्ध्र हजार दुई सय चवन्न दशमलव चौध मात्र) थान साधारण शेयरमा र २,००,००,००० (दुई करोड मात्र) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

**दफा ५(ग)**: बैंकको चुक्ता पूँजी रू.१५,५८,१५,२५,४१४।३३ (अक्षरेपी पन्ध्र अर्ब अन्ठावन्न करोड पन्ध्र लाख पच्चिस हजार चार सय चौध दशमलव तेत्तिस पैसा मात्र) हुनेछ । सो पूँजीलाई रू.१००।- दरका १३,५८,१५,२५४.१४ (तेह्र करोड अन्ठावन्न लाख पन्ध्र हजार दुई सय चवन्न दशमलव चौध मात्र) थान साधारण शेयरमा र २,००,००,००० (दुई करोड मात्र) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

३. **अग्राधिकार शेयर जारी गर्नका लागि बैंकको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्ने ।**

अग्राधिकार शेयर जारी गर्ने सम्बन्धी व्यवस्थाहरु समावेश गर्न बैंकको प्रबन्धपत्र तथा नियमावलीमा निम्नानुसार संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो ।

**प्रबन्धपत्र तर्फ :**

**दफा ३(२६)**: नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही साधारण शेयर, अग्राधिकार शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र, वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने ।

**दफा ५(घ)**: बैंकको निष्काशित पूँजी देहाय बमोजिम बाँडफाँड हुनेछ ।

१. साधारण शेयर (मताधिकार प्राप्त) ।

| समूह | शेयर लिने व्यक्ति तथा संस्था | प्रतिशत |
|---|---|---|
| 'क' | संस्थापक | ५१% |
| 'ख' | सर्वसाधारण | ४९% |

२. अग्राधिकार शेयर (मताधिकार नहुने) ।



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**दफा ६(७)** : अविमोच्य असञ्चिति अग्राधिकार शेयर संस्थागत लगानीकर्ताले मात्र धारण गर्ने सुनिश्चित हुने गरी जारी गरिनेछ । नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अन्तर्गत परिभाषित बैंकका सम्बन्धित पक्ष तथा बैंकको नियन्त्रण रहने फर्म, कम्पनी वा संस्थाले अविमोच्य असञ्चिति अग्राधिकार शेयर खरिद गर्न पाउने छैन ।

**नियमावली तर्फ :**

**नियम ५(५)**: बैंकको जारी पूँजीको स्वामित्व देहाय बमोजिम हुनेछ -

१. साधारण शेयर

| समूह | शेयर लिने व्यक्ति तथा संस्था | प्रतिशत |
|---|---|---|
| 'क' | संस्थापक | ५१% |
| 'ख' | सर्वसाधारण | ४९% |

२. अग्राधिकार शेयर

**नियम ६: अग्राधिकार शेयर तथा ऋणपत्र :**

क. प्रचलित ऐन तथा कानूनको अधिनमा रही साधारणसभाबाट निर्णय गराई अग्राधिकार शेयर जारी गर्न सकिनेछ । यसरी अग्राधिकार शेयर जारी गर्दा सो सम्बन्धी तोकिएका व्यवस्था तथा शर्तहरु (जस्तैः उपकरणको प्रकृति, अवधि, लगानी फिर्ता माग गर्ने/नगर्ने, लाभांशको दर तथा असञ्चिति/सञ्चिति, भुक्तानीमा अग्राधिकार, परिणत हुने/नहुने, मताधिकार लगायतका अन्य आवश्यक कुराहरु साधारण सभाबाट स्वीकृत गरी नियमनकारी निकायबाट स्वीकृति लिई विवरण पत्रमा उल्लेख गरी जारी गर्न सकिनेछ । अग्राधिकार शेयरको मताधिकार हुने छैन ।

ख. प्रचलित कानूनको अधिनमा रहि सम्बन्धित निकायको स्वीकृति लिई संचालक समितिले आवश्यकता अनुसार बण्ड, ऋणपत्र (डिबेन्चर) जारी गरी पूँजी परिचालन गर्न सक्नेछ ।

**नियम १० (१० घ):**

कूल साधारण शेयर संख्याको कम्तिमा दश प्रतिशत साधारण शेयर लिने शेयरवाला वा कूल साधारण शेयरवाला संख्याको कम्तिमा पच्चीस प्रतिशत शेयरवालाहरुले कारण खोली विशेष साधारणसभा बोलाउन लिखित माग गरेमा समितिले ३५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

**नियम ११: गणपूरक संख्या :**

क. कम्पनीमा बाँडफाँड भएको कूल साधारण शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल साधारण शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत् उपस्थित नभई बैंकको कुनै पनि सभाको लागि गणपूरक संख्या पूगेको मानिने छैन र आवश्यक गणपूरक संख्या नपुगेमा सभाको कुनै काम कारवाही शुरु गरिने छैन ।

**नियम १३: संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या :**
यस बैंकको संचालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा कम्तीमा १०० थान साधारण शेयर लिएको हुनु पर्नेछ । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने र विशेषज्ञ संचालकको हकमा उपरोक्त व्यवस्था लागू हुने छैन ।

**४. संचालक समितिको बैठक भत्ता लगायतका सुविधाहरु नियमनकारी निकायको स्वीकृति पश्चात् वृद्धि गरी बैंकको नियमावलीमा संशोधन गर्ने ।**

विगत पाँच वर्षदेखि संचालकहरुको सुविधाहरु वृद्धि नगरिएकोले नियमनकारी निकायको स्वीकृति पश्चात संचालक समितिका अध्यक्ष तथा संचालकहरुको सेवा सुविधालाई वृद्धि गरी नियमावलीमा निम्नानुसार संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो ।

**नियम १६(क):**
संचालक समितिका अध्यक्ष एवम संचालकहरुको पारिश्रमिक तथा अन्य सुविधाहरु देहाय बमोजिम हुनेछ :

१. **बैठक भत्ता** : संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षलाई प्रति बैठक भत्ता रू.२४,०००।- र अन्य संचालकलाई प्रति बैठक भत्ता रू.२२,०००।- उपलब्ध गराइनेछ ।

४. **दैनिक तथा भ्रमण भत्ता :**

संचालक समितिका पदाधिकारीहरुलाई कार्यालय प्रयोजनको सन्दर्भमा नेपाल भित्रका विभिन्न ठाउँहरुमा रात व्यतित गर्ने गरी भ्रमण गरे वापत उपलब्ध गराईने दैनिक तथा भ्रमण भत्ताको दर देहाय बमोजिम हुनेछ । यसरी भ्रमण गर्दा अध्यक्ष तथा संचालकले संचालक समितिको निर्णय अनुसार भ्रमण गर्नु पर्नेछ । भ्रमण गर्दाको पेश्की रकम समितिको स्वीकृति अनुसार हुनेछ ।

**क. स्वदेश भ्रमण :**
१. होटलमा बस्दा (Hotel Accommodation) बील बमोजिम ।
२. खाना खर्च : दैनिक रू.७,०००।-
३. फुटकर खर्च: दैनिक रू.२,०००।-
४. यातायात खर्च: बील बमोजिम (हवाइ तथा स्थलमार्ग)
कार्यालयले सवारी साधन उपलब्ध गराएमा यातायात खर्च उपलब्ध नगराईने ।

**ख. विदेश भ्रमण : (भारत)**
१. होटलमा बस्दा (Hotel Accommodation): बील बमोजिम ।
२. खाना खर्च: दैनिक भा.रू.८,०००।-
३. फुटकर खर्च: दैनिक भा.रू.३,०००।-



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**ग. सार्क मुलुक (भारत बाहेक) :**

१. होटलमा बस्दा (Hotel Accommodation):
बील बमोजिम अधिकतम दैनिक यु.एस.डलर ३००
२. खाना खर्च: दैनिक यु.एस.डलर २००
३. फुटकर खर्च: दैनिक यु.एस.डलर १००

**घ. भारत तथा सार्क मुलुक बाहेक अन्य मुलुकहरु (युरोप अमेरिका तथा अन्य देश) :**

१. होटलमा बस्दा (Hotel Accommodation):
बील बमोजिम अधिकतम दैनिक यु.एस.डलर ३५०
२. खाना खर्च: दैनिक यु.एस.डलर ३००
३. फुटकर खर्च: दैनिक यु.एस.डलर १००

**ङ. हवाइ जहाज र अन्य परिवहन खर्च : (Economy Class (Normal Fare)**

**५. अन्य सुविधा :**

१. ल्यापटप: १ थान (कार्यकाल अवधिभर एक पटक)।

**नियम १६(५):** हटाइएको।

२१(६)(ब)(२६):"अग्राधिकार शेयर" भन्नाले कम्पनी ऐन बमोजिम अग्राधिकार शेयरका रुपमा जारी गरिएका शेयर सम्झनु पर्छ।

**५. बैंकको प्रबन्धपत्र/नियमावलीमा अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै फेरबदल, शर्तहरु लगायतमा संशोधन फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषा लगायत अन्य सुधार समेतका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृत गर्ने।**

बैंकको प्रबन्धपत्र/नियमावलीमा अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै फेरबदल, शर्तहरु लगायतमा संशोधन फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषा लगायत अन्य सुधार समेतका लागि संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारी/व्यक्तिले गर्न सक्ने गरी सम्पूर्ण अख्तियारी दिन सर्वसम्मतिबाट पारित गरियो।

सानिमा बैंक लिमिटेड

ग. **विविध :**

यस बैंकका स्वतन्त्र संचालक श्री बलराम पराजुलीको पदावधि समाप्त भई श्री लक्ष्मीप्रपन्न निरौलालाई संचालक समितिबाट स्वतन्त्र संचालकमा नियुक्ति गरिएको व्यहोरा सभालाई जानकारी गराइयो ।

## ११. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :

शेयरधनी महानुभावहरुको सक्रिय सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा नियामक निकायहरु, संचालक समिति, शेयरधनीज्यूहरु, लेखापरीक्षक, सरोकारवाला निकाय, यस बैंकका कर्मचारी वर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्षज्यूले २०औं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| **रूद्रप्रसाद बन्जरा**<br>**कम्पनी सचिव** | **तुकप्रसाद पौडेल**<br>**अध्यक्ष** |

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**मिति : २०८१।०८।०४**